खोटेहाङ गाउँपालिका

# खोटेहाङ गाउँपालिका ऊर्जा बिकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१०/१६

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

प्रस्तावना:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा तथा वैकल्पिक ऊर्जा प्रवर्दन केन्द्रबाट प्रेषित गाउँपालिकाको नवीकरणीय ऊर्जा नीति, २०७६ को १२ नम्बर बुँदाको संस्थागत संरचना अन्तर्गत १२.१[1] ले दिएको अधिकार प्रयोग गरि खोटेहाङ गाँउपालिकाले आफ्नो ऊर्जा नीतिमा नवीकरणीय ऊर्जाको प्रर्वधन र विकास गर्न उर्जा बिकास उप समिति को गठन र कार्य जिम्मेवारीको ब्यवस्था गरेको छ । गाउँपालिका भित्र नवीकरणीय ऊर्जा सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थित गर्न ऊर्जा विकास उप–समिति गठन गरि आफ्नो दैनिक कार्य सञ्चालन गर्न र पालिका क्षेत्रका सेवाग्राहिहरुलाई ऊर्जा सम्बन्धी सम्पूर्ण सेवाहरु चुस्त बनाउने कार्यलाई ब्यवस्थित गर्न यस कार्यविधिलाई कार्यपालिकाको मिती2076/10/16 बैठकबाट स्वीकृत गरि लागु गरिएको छ ।

---

[1] गाउँपालिका तथा नगरपालिकाको नवीकरणीय ऊर्जा नीति, २०७६ को सन्दर्भ सामाग्री) १२. संस्थागत संरचना

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको संस्थागत संरचनाको विकास तथा सुदृढीकरण गरिनेछ,

१२.१ पूर्वाधार विकास समिति अन्तर्गत ऊर्जा विकास उपसमितिको गठन गर्नेः पालिकामा नवीकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धनका लागि, ऊर्जा सम्बन्धी नीगतगत, कानुनको कार्यान्वयनको सुनिश्चितता गर्न तथा नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक योजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न पालिकाको सदस्यको संयोजकत्वमा ऊर्जा शाखाका प्रमुख र अन्य सरोकारवालाहरु समेतको सहभागितामा पालिकाको पूर्बाधार विकास समिति अन्तर्गत एक ऊर्जा विकास उपसमिति गठन गरिनेछ ।



गाउँपालिका अध्यक्ष

## परिच्छेदः १

## नाम तथा प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम **“ खोटेहाङ गाउँपालिका उर्जा बिकास उप— समिति गठन तथा सञ्चालन कार्यविधि २०७७”** रहने छ । यो कार्यविधि गाउँपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भए पछि लागू भएको मानि ने छ ।

२. परिभाषाः बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. उप—समिती भन्नाले पूर्वाधार विकास समिति अन्तर्गत गठित उर्जा बिकास उप— समिति लाई सम्झनु पर्दछ ।

ख. निकाय भन्नाले गाउँपालिका र कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग. कार्यपालिका भन्नाले गाउँ कार्यपालिकालाई बुझाउने छ ।

## परिच्छेदः २

## उप—समितिको गठन तथा पदावधि

३. गाउँपालिका कार्यपालिकाद्वारा पूर्वाधार विकास समिति अन्तर्गत रहने गरि ....सदस्यीय एक ऊर्जा विकास उप—समितिको गठन गरिनेछ[1] । उप—समितिमा आवश्यकता अनुसार पदाधिकारी संख्या स्पष्ट गर्न सकिने छ, उप—समितिमा निम्न पदहरु रहने व्यवस्था गरिएकोछ;

क. संयोजकः १ जना- कार्यपालिका सदस्य वा वडा अध्यक्षहरु मध्येबाट नवीकरणीय ऊर्जामा सामान्य जानकारी भएको ब्यक्ति रहने प्रवाधान गरियेको छ ।

ख. सदस्यहरुः ४ देखि ६ जना सम्म (विषयगत विज्ञ, निजी क्षेत्र, महिला, पछाडि पारिएका, दलित तथा निम्न वर्गको समावेसी समानुपातिक प्रतिनिधित्वको आधारमा) रहने प्रवाधान गरियेकोछ ।

ग. गाउँपालिका उपाध्यक्ष उप—समितिको संरक्षक, पूर्वाधार विकास समितिको संयोजक र प्रमुख प्रशासकिय अधिकृत सल्लाहकारको रुपमा रहने छन् ।

घ. ऊर्जा विकास उप—समितीको पदाधिकारीहरुको पदावधि बढीमा ४ वर्षको हुनेछ ।

---

[1] स्थानीय सरकार संचालन ऐनको दफा १४, समिति,उपसमिति वा कार्यदल गठन गर्न सक्ने (१) कार्यपालिकाले आफनो काम कारबाहि व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ



प्रदीप राई
गाउँपालिका अध्यक्ष

४. पदमुक्त हुने अवस्था:

क. पदाधिकारीहरुले दिएको राजीनामा स्वीकृत भएमाः ऊर्जा विकास उप—समितीका पदाधिकारीहरुले दिएको राजीनामा पूर्वाधार बिकास समितिको सिफारीसमा कार्यपालिकाबाट स्वीकृत हुनेछ ।

ख. पदाधिकारीहरुको मृत्यु भएमा ।

ग. पदाधिकारीहरुको समयावधि समाप्त भएमा ।

घ. मगज बिग्रिएमा ।

ङ. कुनैपनि फौजदारी अभियोग प्रमाणित भएमा ।

## परिच्छेदः ३
## उप-समितिको काम, कर्तब्य र अधिकार

५. गाउँपालिका कार्यपालिका र पूर्वाधार विकास समितिको प्रत्येक्ष सुपरिबेक्षणमा रहि ऊर्जा विकास उप—समितिको निम्न अनुसारको काम, कर्तब्य र अधिकार हुनेछः

५.१ गाउँपालिको कार्यपालिका, पूर्वाधार विकास समिति र गाउँसभा प्रति उत्तरदायी हुने र उल्लेखित कार्यपालिका, समिति तथा सभाबाट प्राप्त ऊर्जा विकास सम्बन्धि नीति, निर्देशन तथा सुझावहरुलाई अवलम्बन गर्ने ।

५.२ ऊर्जा विकास उप—समितिको आवश्यकता अनुसार मासिक वा बार्षिक वैठक राख्ने, निर्णयहरु गर्ने र भएका निर्णयहरुलाई कार्यपालिका वा भौतिक पूर्वाधार विकास समितिलाई जानकारी गराई अनुमोदन गराउने ।

५.३ नविकिरणिय ऊर्जा र अन्य ऊर्जा सम्बन्धि आवश्यक ऐन, कानून, नीति तथा कार्यविधीहरु समावेसी, समानुपातिक प्रतिनिधित्वको आधारमा तयार गरि पूर्वाधार विकास समिती तथा कार्यपालिका मार्फत सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने तथा समयानुकुल यस्ता नियम तथा कार्यविधिहरु पुनरावलोकन गरि संसोधन गरि पारित गराउने ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

४.४ समग्र ऊर्जा विकासको लागि एक ऊर्जा ईकाई स्थापना गरि यसको संस्थागत विकासमा सञ्चालन गर्ने । ईकाइलाई आवश्यक जनशक्ति तथा भौतिक सामाग्रीहरुको लागि कार्यपालिका सँग समन्वय गर्ने ।

४.५ ऊर्जा सम्वन्धि प्रभावकारी सेवा प्रवाहको लागि नागरिक बडापत्र तयार गर्ने र यसमा उल्लेख भएका सबै सेवा गाउँबासीहरुलाई जनचेतना गराउने ।

४.६ नवीकरणीय ऊर्जाको वार्षिक योजना तर्जुमा कार्यान्वयन र अनुगमनमा महिला, दलित तथा सीमान्तकृत वर्ग तथा समुदायहरुलाई प्राथमिकता दिई सहभागिता गराउने ।

४.७ नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिहरुको कार्यान्वयन तथा जडानमा एकल महिला घरधुरी, सीमान्तकृत विपन्न तथा दलित घरधुरीहरुलाई विषेश अनुदानको ब्यवस्थाका लागि पूर्वाधार विकास समिती मार्फत कार्यपालिकालाई उक्त प्रावधानको अनुमोदनको लागि अनुरोध गर्ने ।

४.८ गाउँपालिकाको ऊर्जा सम्बन्धि आवधिक, बार्षिक योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गरी गाउँपालिकाको योजना तर्जुमा तयार गरी लागू गर्ने । साथै यस्ता योजनाहरु वास्तविक र वस्तुनिष्ठ बनाउने तथा समयानुकुल परिमार्जन गर्दै जाने । यस्ता ऊर्जा योजनाका तयारीका विभिन्न चरणहरुमा गाउँपालिकाको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

४.९ ऊर्जा योजनाको परिकल्पना, लक्ष्य तथा उद्देश्यलाई मध्यनजर राख्दै गाउँ पालिकाको वार्षिक ऊर्जा योजनाको तर्जुमा गर्ने । नवीकरणीय ऊर्जा को समुदाय स्तर देखि नै क्रियाकलापहरुको सहभागितात्मक पहिचान, माग संकलन, प्राथमिकिकरण गरि पूर्वाधार विकास समिती मार्फत कार्यपालिका तथा सभाबाट अनुमोदन गराउने ।

४.१० गाउँपालिकाको बार्षिक, अर्धवार्षिक वा मासिक समिक्षा गरि आवश्यकता अनुसार प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने । आवश्यकता अनुसार समिक्षाको प्रतिवेदन तयार गरि सम्बन्धीत निकाय र सरेकारवालाहरु समक्ष पेश गर्ने ।

४.११ समुदाय स्तरबाट गाउँपालिकामा माग भई आएका ऊर्जा सम्बन्धी क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्न भौतिक पूर्वाधार विकास समिति मार्फन कार्यपालिका सँग समन्वय गर्ने गराउने ।

४.१२ गाउँपालिकाबाट प्राप्त बजेटको उचित ब्यवस्थापन गरि ऊर्जा सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयन गर्ने, अनुगमन गर्ने तथा प्रभावकारी कार्यान्वयनको लागि उपभोक्ताहरुलाई सुझाव र



प्रदीप ... 
गाउँपालिका अध्यक्ष

सल्लाह दिने । आवश्यक परे कार्यान्वयन भएका कार्यहरुको गुणस्तर कायम गर्न विषय विषशेज्ञहरु सँग परामर्श, तथा आवश्यक समन्वय गर्ने ।

५.१३ गाउँपालिकामा गठित अनुगमन समिति तथा आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन गराउने ।

५.१४ गाउँपालिकामा गठन भई क्रियाशिल रहेका अन्य समिति वा उप–समितिहरु संग आपसी सहयोग र समन्वयमा कायम गर्ने ।

५.१५ ऊर्जाका बार्षिक क्रियाकलापहरुको कार्यान्वयनका क्रममा खरिद गरिने बस्तु तथा सेवाका लागि कार्यपालिकालाई खरिद सम्बन्धमा आवश्यक पर्ने कागजात, प्राविधिक स्पेशिफिकेशन तयारी तथा सेवा प्रदायक समूहको छनौटका लागि सहयोग गर्ने ।

५.१६ ऊर्जा विकास तथा कार्यान्वयनका लागि सम्भाब्य सरोकारवालाहरुको पहिचान गरि समन्वय गर्ने तथा आवश्यकता अनुसार वैठक राखि सुझावहरु लिने तथा दिने ।

५.१७ गाउँपालिका अध्यक्षको सहयोगमा नविकरणिय ऊर्जा विकास तथा प्रर्बद्धनका लागि आन्तरिक तथा बाह्य श्रोतहरुको पहिचान तथा परिचालन गर्ने ।

५.१८ ऊर्जा विकासको लागि संघीय, प्रदेश, अन्य स्थानिय तहहरु र बाह्य दाताहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

५.१९ नवीकरणीय ऊर्जा सेवा प्रवाहमा अनुदान नीतिलाई अत्यावश्यक क्षेत्र तथा घरपरिवार बाहेक क्रमशः कम गर्दै लैजाने र वित्तिय क्षेत्रको लगानीलाई प्रर्वद्धन गर्ने ।

५.२० गाउँपालिकाबाट घर निर्माण नक्सा पास गर्दा भवन निर्माण आचार संहितामा ऊर्जा मैत्री बुँदाहरु थप्न लगाई पूर्वाधार विकास समिति मार्फत कार्यपालिका बाट अनुमोदन गराउने ।

५.२१ ऊर्जा विकास योजना तयारी, कार्यान्वयन तथा अनुगमनको क्रममा आईपर्ने आवश्यक निर्णयहरु गर्ने र पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्ने ।

५.२२ ऊर्जा योजना तर्जुमा तथा यसको कार्यान्वयनबाट संभावित पर्नसक्ने नकारात्मक प्रभावहरुको (वातावरणीय, विपद जोखिम तथा सामाजिक द्धन्द) समयमा सचेत रहने र न्यूनिकरण तथा व्यवस्थापनका उपायहरुको अवलम्बन गर्ने ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

५.२३ ऊर्जाको उत्पादनमूखी प्रयोगमा जोड दिई ऊर्जामा आधारित घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने । ऊर्जालाई स्थानीय स्तारमा कृषि उत्पादनमा बृद्धि गरि आयातलाई घटाउने, मूल्य श्रृंखला बृद्धि गर्ने र रोजगारीको अवसरमा बृद्धिमा जोड दिन पहल गर्ने ।

५.२४ नवीकरणीय ऊर्जाप्रविधीको जडान पश्चात् स्थानीय स्तरमै सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रहरुलाई जडान पश्चातको सेवा संयन्त्रको विकास तथा कार्यान्वयनमा जोड दिने ।

५.२५ ऊर्जा सम्बन्धि विभिन्न प्रविधीहरुको सिप तथा ज्ञानका लागि क्षमता अभिबृद्धि (तालीम, गोष्ठी, सिकाई भ्रमण, अभिमुखिकरण तथा जनचेतना) योजना तयार तथा कार्यान्वयन गर्ने ।

५.२६ ऊर्जा विकास सम्बन्धि कार्य गर्न विज्ञ आवश्यक परे पूर्वाधार विकास समिति, प्रमुख प्रशासकिय अधिकृत तथा अध्यक्ष मार्फत सेवा खरिद गर्ने ब्यवस्था मिलाउने ।

५.२७ आवश्यकता अनुसार विकास साझेदारहरुसँगको साझेदारीमा ऊर्जा प्रर्वद्धनको कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

५.२८ उप—समितिको वैठक तथा अन्य सञ्चालन खर्चका लागि कार्यपालिकासँग समन्वय गर्ने, भएको खर्चलाई अनुमोदन गर्ने र निकासाको लागि प्रमुख प्रशाशकिय अधिकृत सँग समन्वय गर्ने ।

५.२९ उप-समितिका संयोजकले उप-समितिका सम्पूर्ण पदाधिकारीहरुलाई नेतृत्व गर्ने छन् भने अन्य सदस्यहरुले संयोजकलाई सहयोग गर्नु सदस्यहरुको जिम्मेवारी रहने छ । ऊर्जा सम्बन्धी सवै कार्यमा सल्लाहकारहरुको सुझाव लिने व्यवस्था गरिएको छ ।

६ ***कार्य बिबरणः*** .ऊर्जा विकास उप—समितिको आफ्नो छुट्टै कार्य विवरण हुनेछ र उक्त कार्य बिवरण पूर्वाधार विकास समितिको सिफारिसमा सम्बन्धित कार्यपालिकाबाट अनुमोदन गरिनेछ । अनुमोदित कार्य विवरणको मूलमर्मलाई केन्द्रविन्दुमा राखि उप—समितीका पदाधिकारीहरुले आफ्नो पद अनुसार सम्पादन गर्ने कार्य बिबरण तयार गरी संयोजकबाट स्वीकृत गराउनु पर्दछ , र स्वीकृत कार्य बिबरणका आधारमा तोकिएका कार्य सम्पादन गर्न उप—समितीका प्रत्येक सदस्यहरुको कर्तब्य र जिम्मेबारी हुनेछ । उप—समितीको विस्तृत कार्य विवरण अनुसुची १ मा उल्लेख गरिएकोछ ।

७ ***कार्य सम्पादनका आधारहरुः*** उप—समितीले कार्य सम्पादन गर्दा नेपालको संबिधान र अन्य प्रचलित कानुनमा ब्यबस्था भएका कुराहरुको अतिरीक्त देहाएका बमोजिम गर्नु पर्नेछ ।

क. खोटेहाङ गाँऊपालिकाको र जनताको बृहतर हित ।

ख. समन्वय सहकार्य र समाबेशीकरण

ग. कानुनको शासन

घ. पारदर्शिता ,जवाफदेहिता तथा इमान्दारिता

ङ. आर्थिक अनुशासन एंब भ्रष्टचारमुक्त चुस्त र जनमुखी कार्य ।

च. निर्णय प्रक्रिया तथा सुचनामा र्सबसाधरणको पंहुच ।

छ. जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग ।

**८ .निश्चित समयावधि भित्र निर्णय गर्नु पर्नेः** यस अन्तगत उप–समितीको निर्णय गर्न अधिकार प्राप्त अधिकारीले कुनै बिषयमा निर्णय गर्दा प्रचलित कानुन बमोजिम कुनै निश्चित अबधि भित्र निर्णय गर्नु पर्ने भनि तोकिएमा सोहि समयबधि भित्र र त्यस्तो ब्यबस्था नभएमा निर्णय गर्नु पर्ने बिषयको प्रकृती हेरी निणर्य गर्न पाउने अधिकारीले उपयुक्त ठहरायको समयवधि भित्र निर्णय गर्नु पर्नेछ ।

**९ निर्णय गर्दा पारदर्शिता कायम गर्नु पर्नेः** .यस नियम वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारिले कुनै बिषयमा निर्णय गर्दा पारदर्शि ढंग बाट निर्णय गर्नु पर्नेछ र उक्त निर्णय गर्नुपर्ने बिषयमा आफुना मातहतका सदस्यहरुको राय तथा परामर्शमा गर्नुपर्नेछ । उप–समितिको बैठकवाट सिफारिस भई कार्यपालिकाबाट अनुमोदन भएका निर्णयहरु सार्वजनिक गर्नु पर्नेछ ।

**१० निर्णय गर्दा आधार र कारण खुलाउनु पर्नेः** .प्रचलित कानुन बमोजिम निर्णय गर्दा सम्बधित पदाधिकारीले गरेको निर्णय कुनकुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पस्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

**११ सार्बजनिक चासोको विषयमा निर्णय गर्ने बारेः** .समिति ले सार्बजनिक चासोको कुनै बिषय निर्णय गर्नु अघि सरोकारवाला तथा नागरिक समाज संग आबश्यक परामर्श गर्न सक्नेछ र साथै उक्त प्रस्ताबित निर्णय गरिएको बिषयको सकारात्मक तथा नकारात्मक पक्षहरुको समग्र विश्लेशण गरी त्यस बाट प्राप्त हुन सक्ने सम्भाबित प्रभाबको मुल्यांकन समेत गर्नु पर्नेछ ।

**१२ आफ्नो जिम्मेबारी पन्छाउन नहुनेः** .कानुन बमोजिम कार्यसम्पादन गर्नु पर्ने समितीका सदस्यहरुले आफुलाई सुम्पिएको वा कानुन बमोजिम आफुले सम्पादन गर्नु पर्ने काम निर्धारित शर्त तथा निर्धारित अबधि भित्र सम्पादन गर्नु पर्नेछ ।

प्रदीप ...
गाउँपालिका अध्यक्ष

## परिच्छेदः ४

## आर्थिक कार्यप्रणाली तथा जिम्मेबारी

***१३ बजेट तथा कार्यक्रम तर्जुमाः*** .समितीले आगामी आर्थिक बर्षमा गर्नु पर्ने कामकाज तथा कार्यक्रमको निमित्त तोकिय बमोजिम बजेट तयार गर्ने गराउने उत्तरदायित्व संयोजकको हुनेछ र साथै उक्त बजेट तर्जुमा गर्दा बिकास साझेदार र अन्तराष्ट्रिय संघ संस्था बाट अनुदान स्वरुप प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समाबेश गर्नु गराउनु पर्नेछ । बजेट तर्जुमा गर्दा ऊर्जा विकास उप–समितिको लागि एक आर्थिक वर्षको लागि एकमूष्ट दैनिक कार्य संचालन, बैठक संचालन खर्च र अनुगमन तथा मूल्यांकन बजेट तर्जुमा गरि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा स्वीकृतीको लागि पेश गर्नुपर्नेछ ।

***१४ सेवा सुविधाः*** .यस गाउँपालिकाको कार्यपालिकाबाट अनुमोदन गराएको अवस्थामा ऊर्जा विकास उप–समितिका पदाधिकारीहरुलाई बैठकमा सहभागी हुदाँ बैठक भत्ता, आतेजाते, यातायात खर्च र बैठक चलेको समयमा स्थानीय स्तरमा पाईने खाजा उपलब्ध गराईनेछ । यदि उप–समितीका सदस्यहरु कार्यक्रमको कार्यान्वयन अविधीमा अनुगमन तथा मूल्यांकन गर्न जाँदा उप–समितिको संयोजकको स्वीकृति लिई र स्वंयम् संयोजका जाने अवस्थामा पूर्वाधार विकास समितीको संयोजकको स्वीकृती लिइकार्यान्वयन स्थलमा जान सकिनेछ र उक्त अवधिको दैनिक भ्रमण भत्ता, बास खर्च र यातायात खर्च सम्बन्धित गाउँ कार्यपालिकाको आर्थिक नियमावली अनुसार उपलब्ध गराउनु पर्नेछ ।

***१५ कारोबारको लेखाः*** .समितीले कारोबारको लेखा प्रणली नेपाल सरकारले तोकीदिए बमोजिम हुनेछ र अनुदान तथा अन्य सहायता लगानी, बिनीयोजन आदी सबै प्रकारका कारोबारको लेखा तयार गरी राख्नु पर्नेछ ।

***१६ आर्थिक हिनाबिना तथा अनियमीतता गर्न नहुनेः*** .समितीका कुनैपनि सदस्यले जानीजानी वा गलत मनसाय राखेर समितीमा कुनैपनि प्रकारको हानी नोक्सानी पुर्याउन वा आर्थिक हिनामिना गर्न वा अनियमितता गर्न गराउन हुदैन त्यस्तो पाईएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

***१७ जोखिम ब्यबस्थापनः*** .समितीले रकम लगानी तथा त्यसमा रहेको जोखिम समेतलाई विश्लेशण गरी जोखिम ब्यबस्थापन कार्ययोजना तयार गर्नेछ ।

प्रदीप
गाउँपालिका अध्यक्ष

## परिच्छेदः ५
## बिबिध

***१८ .उच्च नैतिकता तथा ब्यवसायिकता कायम गर्नुपर्नेः*** समितीले सदस्यहरुको कामकारबाही लाई पारदर्शि बनाउन तथा कामकारबाहीमा उच्च व्यवसायिकता कायम राख्नका लागी आचार संहिता बनाई लागु गर्नेछ ।

***१८आचारसंहिता लागू हुनेः*** *१.* ऊर्जा विकास उप—समितिका पदाधिकारीहरुलाई बैठक हुनु भन्दा कम्तिमा एक हप्ता अगावै जानकारी गराई उपस्थितीको सुनिश्चिता गर्नुपर्नेछ । कुनैपनि पदाधिकारी आफ्नो पदीय दायित्व मर्म अनुरुप प्रत्येक बैठकमा मुनासिब कारणसहितको अवस्था बाहेक अनिवार्य सहभागी हुनुपर्नेछ । उप—समितिको कुनै पनि पदाधिकारी विना सुचना लगातार बढीमा ३ पटकसम्म बैठकमा अनुपस्थिती भएमा स्वतः खारेजीमा परेको मानीनेछ । ऊर्जा विकास उप—समितिको कुनै पनि पदाधिकारहरुले आचार संहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ । यदि कुनै कसैले उल्लघंन गरिएको पाईएमा उप—समितिको संयोजकले तत्काल स्पष्टिकण सोधन सक्नेछ । सोधिएको स्पष्टीकरणमा चित्तबुझ्दो जवाफ नआएमा उप—समितिको बैठकबाट निर्णय गरि आवश्यक कार्वाही गरिनेछ । त्यस्तो आवश्यक कार्वाही अन्तगत केही समयको लागि निलम्बन वा पद खारेजी सम्मको निर्णय गर्नसक्नेछ ।

***१९समय पालना र नियमितताः .*** उप—समितीका सम्पुर्ण सदस्यहरुले निर्धारित समयमा नियमित रुपले कार्यलाई तिब्र रुपमा अगाडी बढाउनु पर्नेछ र उप—समितीको आबश्यकता र संयोजकको निर्देशन अनुसार बैठक बस्नु पर्नेछ र बैठकमा अनुउपस्थित तथा जिम्मेबार बाट टाढा हुन खोजेमा आबश्यकता अनुसार कार्वाही समेत गर्न सक्नेछ ।

***२०अनुशासन र आज्ञापालनः .*** समितीका सम्पुर्ण सदस्यहरुले अनुसाशनमा रही आफ्नो काम कर्तब्य इमान्दारिता र तत्परताका साथ पालन गर्नु पर्नेछ ।

***२१सुचना प्रवाहः .*** समितीले आफ्नो कार्यालयसंग सम्बन्धीत सबै प्रकारका सुचनाहरु अधाबधिक गरी राखुपर्नेछ र कार्यलयमा रहेको सुचना प्रबाह गर्ने प्रयोजनका लागी सुचना बोर्ड ब्यबस्थापन गर्नेछ ।

प्रदीप खड्का
गाउँपालिका अध्यक्ष

*निर्देशिका वा .दिग्दर्शन वा कार्यविधि वा स्रोत पुस्तिका बनाउन सक्नेः* समितीले आफ्नो कारबाहीलाई प्रक्रियागत ढंगबाट छिटो छरितो र मितब्ययी रुपमा संचालन गर्न वा कार्यसम्पादन आवश्यक निर्देशिका वा दिग्दर्शन वा कार्यविधि वा श्रोत पुस्तिका बनाई लागु गर्न सक्नेछ ।

*ा .रेजी र बचाउ सम्बन्धिः* नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको कुनैपनि , नियम तथा नवीकरणीय ऊर्जा नीतिसँग कुनैपनि बुदाँ बाझिन गएमा बाझीएको हद सम्म स्वतः य हुनेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## *अनुसूची: १ ऊर्जा विकास उप-समितिको कार्य विवरण*

- ऊर्जा विकास उपसमिति )Energy Development Sub-Committee: EDSC) पूर्वाधार विकास समिति )Infrastructure Development Committee: IDC), कार्यकारीहरू र ग्रामीण पालिकाको सभाको लागि जिम्मेवार हुनेछ र यो ऊर्जा सम्बन्धी निर्देशन र सुझावहरू कार्यान्वयन गर्न प्रतिबद्ध छ।
- उप-समिति ले नवीकरणीय ऊर्जा) Renewable Energy: RE) को लागी कानून, नियम र मानक संचालन प्रक्रिया तयार गर्नेछ र IDC र कार्यकारी मार्फत विधानसभाबाट स्वीकृत हुनेछ।
- संगठनात्मक विकासले RE लाई बढावा दिन ऊर्जा इकाई र EDSC मा ध्यान केन्द्रित गर्दछ।
- ऊर्जा सेवाले नागरिक बडापत्रमा सबै गाउँपालिका मानिसहरूलाई सचेतना जगाउने कुराको उल्लेख गर्नेछ।
- EDSC ले ऊर्जा सम्बन्धित गतिविधिहरू समाहित गर्न वार्षिक योजना प्रक्रियामा सक्रिय भूमिका र नेतृत्व प्रदर्शन गर्नेछ।
- यथार्थवादी र प्रयोगकर्ता मैत्री गतिविधिहरू तयार गर्न सहयोग पुऱ्याउने सहित वार्षिक योजना प्रक्रियाको विभिन्न चरणहरूमा सक्रिय सहभागिताको पुष्टि हुनेछ। यो परिप्रेक्ष्य सन्दर्भ र समय अनुसार संशोधन हुनेछ।
- ऊर्जा सम्बन्धी गतिविधिहरूको पहिचान, उनीहरूको माग संकलन र प्राथमिकता र वर्गीकरण सहिष्णुता स्तरबाट वार्षिक योजना प्रक्रियाको शुरूदेखि ७ विभिन्न चरणमा गाउँपालिका ऊर्जा योजनाको दृष्टिकोण, लक्ष्य र उद्देश्यहरूको परिस्थापन हुन्छ । त्यसपछि, EDSC ले ऊर्जा सम्बन्धी गतिविधिहरू IDC मार्फत कार्यकारीमा र अन्ततः विधानसभाबाट अनुमोदन गर्नेछ ।
- यसले ऊर्जा प्रवर्धनका लागि सम्भावित सरोकारवालाहरूको पहिचान सहित ऊर्जा विकास रणनीति तयार गर्नेछ।
- यसले आन्तरिक र बाह्य रूपमा नवीकरणीय ऊर्जा विकास र पदोन्नतिको लागि मेयर / अध्यक्षको सहयोगमा श्रोतहरूको खोजी र परिचालन गर्नेछ।
- यसले केन्द्रीय, प्रदेश र छिमेकी स्थानीय सरकारहरूसँग ऊर्जा विकासको लागि उनीहरूको फलदायी सहयोगका लागि प्रभावकारी ढंगले आपसी समन्वय र सहकार्य गर्दछ।
- जरुरी क्षेत्र र Dis-Advantaged Group (DAG) समुदाय र ऊर्जा वित्तीय पदोन्नति बाहेक अनुदान संयन्त्र बिस्तारै घट्नेछ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

DSC ले भवन निर्माण नक्सा स्वीकृत गर्ने बेला ऊर्जा मैत्री भवन कोड थप्न पैरवी गर्नेछ र DC मार्फत कार्यकारीहरुलाई सहमति जनाउँनेछ।

यसले ऊर्जा विकास योजनाहरू, यसको कार्यान्वयन, अनुगमन र IDC मार्फत कार्यकारीहरूलाई श गर्ने रिपोर्ट तयार पार्ने निर्णय गर्नेछ।

ो ऊर्जा योजना र यसको कार्यान्वयनको समयमै सम्भावित नकारात्मक प्रभाव वातावरणीय), कोप जोखिम र युद्ध द्वन्द्वमा चेतन हुनेछ। यसले सम्भावित नकारात्मक प्रभावहरूको ( बेरूद्ध कम गर्ने विकल्पहरू र व्यवस्थापन उपायहरूको अनुसरण गर्नेछ।

यसले प्रयोगकर्ताहरूको पक्षमा नवीन र रचनात्मक RE प्रबिधि प्रवर्धन गर्न र उनीहरूको पहुँच बढाउन ध्यान दिनेछ। यो नयाँ RE प्रबिधि प्रवर्धन खोजमा केन्द्रित हुनेछ जुनले प्रयोगकर्ताहरू लाई फाइदा पुराउनेछ ।

यसले निजी क्षेत्रका लागि वातावरण सक्षम पार्दै RE प्रबिधि स्थापना गरेपछि सेवा सुनिश्चित गर्न स्थानीय रूपमा बिक्री पछाडि सेवा संयन्त्र र यसको कार्यान्वयन विकासमा जोड दिनेछ।

यसले क्षमता निर्माण योजना प्रशिक्षण), अभिमुखीकरण, कार्यशाला र क्रस (लर्निंग भ्रमण आदि- र RE प्रबिधिमा ज्ञान र सीप वृद्धि गर्न यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन्छ ।

यसले अध्यक्ष, प्रमुख पशासकिय अधिकृत र पूर्वाधार विकास समितिको संयोजकको समन्वयमा आवश्यकता अनुसार ऊर्जा विकास विज्ञहरूको प्रबन्ध मिलाउँदछ ।

ऊर्जा विकास र प्रबर्द्धन गर्न यसले विकास साझेदार दाता), आईएनजीओ, अन्तरराष्ट्रिय/गैरसरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा ऊर्जा प्रबर्धन ( कार्यक्रमलाई प्राथमिकता दिनेछ ।

ङ गाउँपालिकाको सम्वत् २०७७ साल माघ १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो ङ नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

(प्रदिप राई)
अध्यक्ष

- २०७७/१०/१६

प्रदीप राई
गाउँपालिका अध्यक्ष